कीर्तिपुरको चित्रण

# कीर्तिपुर सन्देश

साप्ताहिक

KIRTIPUR SANDESH WEEKLY

वर्ष १ अंक ११ | ने. सं. ११३१ कौलाथ्व पुन्हि बुधवाः २०६८ असोज १५ गते बुधवार (Oct-12, 2011) | मुल्य : ५/- (न्यातका)

## नेपाल संवत्को आन्दोलनलाई नेवाः स्वायत्त राज्यको आन्दोलनमा रुपान्तरण

# नेपाली सेनामा नेवाः गणको माग

कीर्तिपुर सन्देश /

तत्कालिन अवस्थामा पृथ्वी नारायण शाहले काठमाण्डौं उपत्यकालाई तत्कालिन गोरखा राज्यमा विस्तार अर्थात नेपाल एकिकरण गरेदेखि नेपाली सेनामा काठमाण्डौं उपत्यकाका आदिवासी नेवार समुदायलाई विभेद गर्दै आएकोले क्षतिपूर्ति स्वरुप नेवार समुदायले अब सेना भित्र नेवा गणको माग गरेको छ।

संघीय लोकतान्त्रिक गणतन्त्रमा नेवाः स्वायत्त राज्यको माग गर्दै आन्दोलरत नेवाः स्वायत्त राज्य मंकाः परिषद्का अध्यक्ष नरेश ताम्राकारले एक विज्ञप्ति जारि गरी नेपाली सेनामा नेवाः गणको माग गरेको हो।

नेवार समुदायले सेना भित्र नेवाः गणको माग गरेको यो पहिलो पटक हो। २०४६ साल अधिसम्म नेपाली सेनामा नेवार जानु परे जात नै परिवर्तन गरि 'नगरकोटी' लगायतको थर राख्नुपर्ने, काठमाण्डौं उपत्यकाका नेवार समुदायलाई त भन सके सम्म प्रवेश नै गर्न नदिने राज्यको योजना रहेका कारण अहिले सम्म पनि माथिल्लो पदमा नेवार समुदाय नभएको कुरा नेवारहरू बताउछन्।

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा भइसकेको साथै नेपाली सेनालाई समावेशीकरण गर्ने तयारी भइरहेको साथै राई, लिम्बु, गुरुङ र मधेसीको छुट्टा छुट्टै गण रहेको अवस्थामा नेवार समुदायले पनि आफ्नो पहिचान सहितको अलग्गै गणको माग गरेको हो। एक हप्ता अघिमात्र मंकाः संघर्ष समितिको बैठकले निर्णय गरि प्रेस विज्ञप्ति मार्फत सो माग गरेको हो। यसैवीच उपत्यकाका आदिवासी नेवार समुदायले नेपालको राष्ट्रिय संवत नेपाल संवतको आन्दोलनलाई नेवाः स्वायत्त राज्य आन्दोलनमा रुपान्तरण गर्ने भएको छ। नेपाल संवतको आन्दोलनलाई नेवाः स्वायत्त राज्याके आन्दोलनसँग जोड्दै लानु पर्ने र नेपाल संवतको आन्दोलनलाई सांस्कृतिक आन्दोलन भन्दा पनि राजनीतिक अधिकारकालागी आन्दोलनको रूपमा लानु पर्ने कुरा अहिले व्यापक छलफलको विषय बनेको छ। नेवारहरूको राष्ट्रिय संगठन नेवाः देय् दबूले 'न्हूदँ ११३२ या भिंतुना, शान्ति व संविधान भीगु मनतुना' अर्थात नयाँबर्ष ११३२ को शुभकामना, शान्ति र संविधान हाम्रो चाहना भन्ने नारा तयार गरेको छ।

यसैवीच नेपाल संवतको इतिहासमा पहिलो पटक नेपाल संवत ११३२ को नयाँ बर्षका लागि राष्ट्रिय स्तरको नयाँबर्ष आयोजक समिति गठन गर्ने तयारी भइरहेको छ।

# 'अपराधीहरूले कीर्तिपुर सेल्टरको रूपमा प्रयोग गर्दै आइरहेको छ'

## – प्रहरी निरीक्षक मधु सुदन सिलवाल



कीर्तिपुर सन्देश /

महानगरीय प्रहरी प्रभाग कीर्तिपुरका प्रहरी निरीक्षक मधु सुदन सिलवालले अहिलेको अवस्थामा कीर्तिपुर नगर क्षेत्र अरू ठाउँमा चोरी र लुटपाटमा संलग्नहरूले लुक्न आउने सेल्टरको रूपमा प्रयोग गर्दै आएको बताउनु भएको छ।

कीर्तिपुर सन्देश साप्ताहिकसँग संक्षिप्त कुरा गर्दै उहाँले सो कुरा बताउनु भएको हो। प्रहरी निरीक्षक सिलवालले भन्नुभयो 'कीर्तिपुर नगर क्षेत्रमा सामान्य चोरी बाहेक ठूलो अपराधिको रूपमा मात्र हैन कुनै पनि डन सन छैन।'

आज भन्दा करिव ७ महिना अगाडि आफू कीर्तिपुरमा आउँदाखेरि कीर्तिपुरको ट्याङलाफाँट, पांगाको जाखा क्षेत्र टेलिफोनको तार चोरीको समस्याको रूपमा रहेको र अहिले आएर स्थानीयवासीको सहयोगमा सो समस्या धेरै मात्रामा समाधान भएको बताउने उहाँले कीर्तिपुर नगरपालिका वडा नं. ८ स्थित पुष्पलाल पार्कभन्दा दक्षिण क्षेत्रलाई जुन ठाउँमा बाहिरवाट मकैंको वारी र भित्र पुरै रूपमा व्यावसायीक रूपमा करिव २० रोपनीमा गाँजा खेती गरेको अवस्थामा रहेको सो क्षेत्रलाई स्थानीयवासीको सहयोगमा गाँजा निषेधित क्षेत्र घोषणा गर्न समेत सफल भएको दावी गर्नु भएको छ। कीर्तिपुर क्षेत्रमा लोडसेडिङको समयमा मोबाइल चार्ज गरिराखेको मोबाइल बढि मात्रामा चोरीका घट्ना भएको समेत उहाँले बताउनु भयो 'विशेष गरि सामान्य चोरी, गाँजा खाने घटनामा संग्लनहरू अधिकांश आमाबुबा विदेश गएका, बाहिर वाट आएर कीर्तिपुरमा बसेका र हुनेखाने परिवारका छोराछोरीहरू रहेको छ।' पछिल्लो समयमा कीर्तिपुरवाहिरवाट भिआर मोटरसाईकलमा आउने केटा र केटीले कीर्तिपुरको बाहिरि गाउँ, पांगादोवाटो क्षेत्रको टाउन प्लानिङ क्षेत्रमा ब्राउण्ड सुगर, ट्याप, गोटी लगायतका लागू औषध बेच्न ल्याउने गरिदै आएको अनुसन्धानवाट थाहा भएको बताउँदै हाल सम्म पनि तिनिहरूलाई नियन्त्रणमा लिने प्रयास जारी रहेको र तिनिहरूलाई नियन्त्रणमा लिन सके कीर्तिपुर क्षेत्रमा लागू औषधको समस्या धेरै मात्रामा कम हुने समेत सिलवाल दावी गर्नुहुन्छ।

*बाँकी पेज ४ मा*

भासँ —— भासँ —— भासँ



टिकटया मू
४००/–
(प्यसः तका जक)

नेपाल संवत् ११३२ यात लसकुसयासें नीलः सांस्कृतिक पुचःया ग्वसालय्

**बृहत्त सांस्कृतिक ज्याभ्व: नापं भिंनिता ब्वघासाया नेवाः भ्वय्**

खुइगः (६० गः) बाजं थानामि व इमेज च्यानलया समयबजि ज्याभ्वःया कलाकारपिनिगु ख्यालि स्वःभासँ

दिं ने. सं. ११३१ कौलागा त्रीयोदशी (२०६८ कार्तिक ८ गते मंगलवार)

थाय्: बास्केटबल कोर्ट नयाँबजार

ईः सनिलया खुताः इलय्

नीलः सांस्कृतिक पुचः किपू

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशकः
नजरराम महर्जन
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन, सनम श्रेष्ठ
फोटो पत्रकार
नविन जोशी

प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७, ९८४१४०१०७७
kirtipur_sandesh@live.com

;DkfbsLo

# नेपाल संवत र राज्यको दायित्व

आउँदो कार्तिक १० गते कछलाथ्व पारुको दिनमा नेपालको राष्ट्रिय संवत नेपाल संवत ११३२ नयाँ बर्ष सुरु हुँदैछ । प्रत्येक वर्ष नेपाल संवतको नयाँ बर्ष आउँछ र जनस्तरवाट नेवार समुदायले नेपाल संवतको उपलक्ष्यमा शुभकामना भनी □न्हूदँया भिंतुना❑ विभिन्न कार्यक्रम गरिन्छ र त्यसपछि नेपाल संवतको बारेमा एक वर्ष सम्म चुप लागेर बस्ने गरिन्छ ।

लामो समय अर्थात करिव ३ दशक सम्म काठमाण्डौं उपत्यकाका नेवार समुदायले सांस्कृतिक रुपमा आन्दोलन गरेका कारण राज्यले नेपाल संवतलाई राष्ट्रिय संवतको रुपमा घोषणा त गरे तर अहिलेसम्म पनि राष्ट्रिय संवतको नयाँ बर्ष मनाउन जुन ढंगले पहल गर्नुपर्ने र राष्ट्रिय संवतलाई प्रयोगमा ल्याउनुपर्नेलाई ध्यान दिइरहेको अवस्था देखिदैन ।

नेवार समुदायको आन्दोलनकै बलका कारण सवैभन्दा पहिला नेपाल संवतको प्रवर्त्तक शंखधर साख्वाःलाई राष्ट्रिय विभूति र त्यसपछि नेपाल संवतलाई राष्ट्रिय संवत घोषणा गर्न राज्य बाध्य भयो । अहिलेको अवस्थामा पनि राज्यले राष्ट्रिय संवत प्रचलनमा ल्याउन र राष्ट्रिय संवतको नयाँ बर्ष मनाउन नयाँ बर्ष समारोह समिति समेत गठन गरेको पाईदैन । यसमा राज्यका साथ साथै स्वयं नेवार समुदायको पनि कमजोरी नरहेको भन्न सकिन्न । किनकि नेवार समुदायले नेपाल संवत राष्ट्रिय संवत घोषणा भइसकेपछि अहिलेसम्म राज्यले नै नयाँ बर्ष मनाउन नयाँ बर्ष समारोह समिति गठन गर्नुपर्छ भनी औपचारिक रुपमा पहल गरेको पनि देखिदैन ।

# कीर्तिपुर र नागरिक समाजको भूमिका

**स्वनाम महर्जन**

तत्कालिन अवस्थामा पहिलो पटक कीर्तिपुर नगरपालिकाको जन निर्वाचित प्रतिनिधिहरूको अवधि सकिएपछि कीर्तिपुरमा पहिलो पटक नागरिक समाजको निर्माण भयो ।

सो नागरिक समाजले फेक्ट नेपाललाई कीर्तिपुरवासीले दिएको जग्गा र फेक्ट नेपालले कीर्तिपुरवासीलाई दिनुपर्ने सेवा सुविधाको विषय बहसक विषय बनाईयो । विशेष गरि कीर्तिपुरमा क्रियाशिल विभिन्न राजनीतिक दलका स्थानीय नेता तथा बुद्धिजीवीहरू समावेश भएको सो नगरिक समाजले एकढंगबाट फेक्टको विषयलाई ठूलो विषय बनाएका कारण दलका नेताहरूलाई पनि बोल्न बाध्य बनाईयो ।

सोहि क्रममा फेक्ट नेपालले कीर्तिपुरमा अस्पताल राख्नु पर्ने र सो आस्पतालमा कीर्तिपुरवासीलाई सहुलियत दिनुपर्ने माग गरियो । सो समयमा कीर्तिपुरमा क्रियाशिल राजनीतिक दलहरू नै अस्पताल बनाउने सवालमा फकर फरक धारणा ल्याएपछि विवाद झन चर्कदै गयो । अन्ततः राजनीतिक दलहरूवीच सहमति हुन नसकेपछि कीर्तिपुरवासीका लागि राम्रो काम हुन लागेको पनि हुन सकेन र पछि फेक्ट नेपाल आफैले कीर्तिपुरमा कीर्तिपुर अस्पताल संचालनमा ल्याइयो । र हाल सो अस्पताल कीर्तिपुर नगरपालिका वडा नं. २ स्थित देवढोकामा चालु रहेको अवस्था छ । सो अस्पतालमा कीर्तिपुर वासीलाई दिने सेवा सुविधाको सावालमा कीर्तिपुरका बुद्धजीवी एवं राजनीतिक दलका नेताहरूले आवश्यकता अनुसार भुमिका समेत खेल्न सकेको छैन ।

त्यस पछि कीर्तिपुरमा नागरिक समाजको अस्तित्व तत्कालिन अवस्थामा सात दल र माओवादी वीच सहमति भई २०६२–०६३ सालको शान्तिपूर्ण दोश्रो जनआन्दोलन सुरु हुनु अघि देखिन थाल्यो । सो बेलामा नितान्त निरंकुश राजतन्त्रको अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि राजनीतिक दलहरूलाई सहयोग गर्न विविध कार्यक्रम कीर्तिपुरमा पनि नागरिक समाजको तर्फवाट भए । सो बेलामा कीर्तिपुर नगरमा कीर्तिपुरवासी र त्रिभुवन विश्व विद्यालयमा अध्ययनरत विद्यार्थी तथा प्राध्यापकहरू सहभागि थिए । नागरिक समाज कीर्तिपुरको नाममा २०६२–०६३ सालको आन्दोलन पछि पनि केहि समय सम्म दलहरूलाई शान्ति र संविधानकालागि दबाव दिने कामले निरन्तरता दिएको थियो । अहिले आएर सो नागरिक समाज सुस्ताएको छ ।

अहिले भरखरै मात्र कीर्तिपुरमा राजनीतिक दलका पूर्व स्थानीय नेता, बहालवाला तथा बुद्धिजीवीहरू सहभागि भएको नागरिक समाज गठन गरेको छ । सो नागरिक समाजले कीर्तिपुरका राजीतिक दलहरू र नगरपालिका वीचको सवन्ध राम्रो बनाउनका लागि भनिएतापनि सार्वजनिक रूपमा पहिलो पटक नै त्रिभुवन विश्व विद्यालयको उपकुलपति पदमा नियुक्ति हुनु भएका पहिलो कीर्तिपुरवासी प्रा. डा. हिराबहादुर महर्जनलाई सम्मान गरियो ।

त्यस पछि पुनः अहिले नागरिक समाजले खासै सार्वजनिक रूपमा काम गरेको देखिदैन ।

यसरी कीर्तिपुरमा नागरिक समाजको इतिहासदेखि वर्तमान सम्मको अवस्था हेर्दाखेरि कुनै खास योजनाका लागि नागरिक समाज गठन हुने, राजनीतिक दलका नेता, पूर्व नेता तथा बुद्धिजीवीहरू नागरिक समाजमा गोलबन्द हुने र कुनै निश्चित समयपछि निश्क्रिय हुँदै जाने गरेका कारण बास्तवमा नागरिक समाजको नाममा राजनीतिक दलका नेताहरूकै योजना अनुसार कीर्तिपुरमा कुनै विशेष कामको लागि गठन गर्ने त हैन भनी प्रश्न उठन् थालेका छन् ।

अतः नागरिक समाजमा क्रियाशिल हुनेहरूले राजनीतिक दल, नेता र स्थानीय निकायलाई कीर्तिपुर नगरवासीको हितमा काम गराउन दाव दिन र निरन्तर रुपमा नागरिक स्तरवाट दवाव दिनका लागि राजीतिक दलमा आवद्ध भएका व्यक्तिहरूभन्दा पनि सामाजिक क्षेत्रमा क्रियाशिल व्यक्तित्वहरू एकजुट भई अगाडी बढनुपर्ने आवश्यकता रहेको कुरालाई सरोकारवालाहरूले चिन्तन गर्नुपर्ने बेला आएको छ ।

# नगरपालिकाको योजना संचालन र व्यवस्थापनमा उपभोक्ता समिति



**सरब महर्जन**

हरेक आर्थिक वर्षमा नगरपालिकाले आफ्नो विकास निर्माण तथा विभिन्न कार्यक्रमहरू संचालन गरेको हुन्छ । नगरपरिषदबाट पारित योजना तथा कार्यक्रमहरू समयसिमाभित्र सम्पन्न गर्नु सक्नुपर्दछ । यसरी सम्पन्न गरिने योजना तथा कार्यक्रम तथा आयोजनाहरू कुनै नगरपालिका आफैले, कुनै ठेक्कापट्टाबाट, कुनै गैरसरकारी निकायसँगको साझेदारीमा र कुनै उपभोक्ता समितिबाट सम्पन्न गर्ने गरिन्छ ।

विशेष गरी उपभोक्ता समितिबाट सम्पन्न गरिने योजनाका लागि उपभोक्ता समिति गठन गर्दा ऐनको दफा ११६ र ११७ नियमावली १३७ र आर्थिक प्रशासन नियमावली १५५ र १५६ मा भएका प्रावधानहरूलाई पालना गर्नु पर्दछ । सबभन्दा पहिले कुनै पनि उपभोक्ता समिति गठन गर्नु पूर्व कुन योजना नगरपालिकामा समावेश गर्ने हो सो को लागि सम्बन्धित ठाउँको समस्यालाई उजागर गरी समाधानका लागि वडा समितिमार्फत या सोझै नगरपालिकामा योजना पेश गर्नु पर्दछ ।

योजना पेश गरेपछि नगर पालिकाबाट सहज रुपमा योजना समाबेश गर्न कठिन पनि भएको छ जस्का कारण आफ्नो पेश गरेको योजना समावेश गर्न गराउनुको लागि कि त आफ्नो नजिकको दलमार्फत या सबै दललाई सहमत गराई वा दवाव दिइ योजना समावेश गर्ने गरेको पाइन्छ । या त नगर पालिकाबाट नै समावेश गराउन सक्नु पर्दछ ।

उपभोक्ता समिति मार्फत योजना कार्यान्वयन र संचालन गर्दा योजनाबाट प्रत्यक्ष लाभान्वित हुने घर परिवारको पहिचान गरी त्यसता घरपरिवारको आम भेलाबाट उपभोक्ता समिति गठन गर्नु पर्दछ । उपभोक्ता समितिका पदाधिकारीहरूले नागरिकताको फोटोकपि समेत पेश गर्नु पर्दछ । त्यसरी गठन हुने उपभोक्ता समितिमा ३३ प्रतिशत महिला हुनु पर्दछ र अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये एकजना महिला नै हुनुपर्ने उल्लेख गरिएको छ ।

साथै उक्त उपभोक्ता समितिमा स्थानीय सर्वदलीय संयन्त्रमा भाग लिने राजनीतिक दलको प्रतिनिधि, बहालवाला कर्मचारी, पेश्की फछ्र्यौट नगरेको व्यक्तिहरु उपभोक्ता समितिमा सदस्य बन्न नहुने प्रावधान राखेको छ । र एकै समयमा एकजना व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिमा सदस्य हुन पाउने छैन । यसरी गठन गर्दा नगर पालिकाको कर्मचारी तथा सामाजिक परिचालकको अनिवार्य रोहवर तथा उपस्थित हुनु पर्ने भनिएको छ ।

त्यसरी गठन गरिएको उपभोक्ता समितिले योजना कार्यान्वयन गर्दा सहजीकरण तथा अनुगमनको लागि एकजना महिलासहित ५ सदस्यीय छुट्टै सुपरिवेक्षण तथा अनुगमन समिति गठन गर्नु पर्दछ साथै उपभोक्ता समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षले नगर पालिकाबाट दिइने उपभोक्ता समितिको काम, कर्तव्य र अधिकारका साथै आयोजना लागत, निर्माण सामाग्रीको परिणाम, आयोजनाको गुणस्तर, राख्नु पर्ने खाता, किस्ता निकासा तथा भुक्तानी प्रक्रिया, पारदर्शिता अनुगमन सम्बन्धि व्यवस्थाका बारेमा आयोजना सम्झौता हुनु पूर्व सामुहिक रुपमा अनुशिक्षण कार्यक्रममा भाग लिनु पर्ने प्रावधान रहेको छ । उक्त उपभोक्ता समितिको नाउँमा अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखत गर्ने गरी अनिवार्य बैंकमा खाता खोल्नु पर्दछ र ५० हजार भन्दा बढीको आर्थिक कारोवार गर्दा वा भुक्तानी दिंदा बैंक तथा वित्तिय संस्थामार्फत गर्नु पर्दछ ।

तर सामाजिक परिचालनका माध्यमबाट गठन भएका समुह, सामुदायिक संस्था, आमा समुह, कृषि समुह, विद्यालय व्यवस्थापन समिति, सहकारी संस्था आदीबाट कार्यक्रम आयोजना गर्दा छुट्टै उपभोक्ता समिति गठन नगरी त्यस्ता समुहबाट कार्यक्रम संचालन गर्न सकिने प्रावधान राखिएको छ ।

उपभोक्ता समिति मार्फत संचालन गरिने आयोजनाहरु श्रममूलक प्रविधिमा आधारित श्रमको उपयोग र परिचालनलाई प्राथमिकतामा राख्नु पर्दछ । तर श्रममुलक तवरबाट काम गर्न नसकि मेशिनरी उपकरण प्रयोग गर्नु पर्ने भएमा गरिने कामको नर्म्स तथा लागत अनुमान स्विकृति गरी स-साना मेशिन उपकरण प्रयोग गर्न सकिनेछ ।

तर उपभोक्ता समितिले सम्झौता गरी काम गर्ने बेलामा निर्माण व्यवसायी, कन्ट्रयाकबाट कार्यान्वयन गराउन पाइने छैन र उपभोक्ता समितिले कामको प्रगति विवरण नगरपालिकामा पठाउनु पर्नेछ र खर्च प्रत्येक किस्ताको सूचना सार्वजनिक स्थानमा टाँस गर्नु पर्दछ ।

प्रत्येक आयोजनाको अन्तिम किस्ता लिन सुपरिवेक्षण तथा अनुगमन समितिले अनुगमन गरी रकम निकासाका लागि सिफारिस गर्नु अनिवार्य बनाएको छ र अन्तिम फछ्र्यौट गर्नका लागि शुरुमा भेला गरे जस्तै सरोकारवाला सबैको भेला गरी सबैले सहमत गर्नु पर्दछ ।त्यसैले उपभोक्ता समिति पनि नगरको विकास निर्माणका अभिन्न अंग हो । नगर पालिकाको योजना तथा कार्यक्रमलाई मूर्तरुप दिन उपभोक्ता समितिको योजना संचालन तथा व्यवस्थापनमा ठूलो भूमिका रहेको छ । आफूले संचालन गरेको योजना सम्बन्धित उपभोक्ता समितिलाई बढी माया लाग्ने र मर्मत सम्भार को लागि पनि समय समयमा पहलकदम उठाउने गरेको पाइन्छ । नगरपालिकाको अधिकांश विकास निर्माणसंग सम्बन्धित रहेको उपभोक्ता समिति गठन, बैठक संचालन, योजना संचालन, व्यवस्थापन, अनुगमन बारेमा नगरपालिकाले बेला बेलामा वृहत भेला तथा अनुशिक्षण कार्यक्रम आयोजना गर्नु अनिवार्य छ जसबाट उपभोक्ताका सबै सदस्यहरुलाई योजना संचालन तथा व्यवस्थापनमा दक्ष बनाउन सकिन्छ ।

# चिनी रोगका सान्दर्भिक दश प्रश्नहरू

**१) खासमा चिनीरोग भनेको के हो ?**

चिनी रोग भनेको शरीरमा चिनी वा गुलियो पदार्थको व्यवस्थापन र उपयोग गर्न सहयोग गर्ने हार्मोन-रस जसलाई इनसुलिन भनिन्छ, त्यसको मात्रात्मक वा गुणात्मक कमी भएर शरीरमा चिनीको मात्रा बढेर जान्छ र यसले गर्दा समपूर्ण प्रणाली प्रभावित हुनसक्छ यस्तो अवस्था नै चिनी–रोग हो ।

**२) यो कसलाई लाग्न सक्छ र के गरेमा निको हुन्छ ?**

यो रोग अन्य रोगको कारणले द्वितीय तहमा वा रूपमा भएमा, उक्त रोग ठिक भएमा ठिक हुन सक्ला, होइन भने प्राथमिक रूपमा हुने खास चिनीरोग सधैं छिटो वा ढिलो बढ्दै जाने र कहिले निको नहुने तर बुद्धि पुऱ्याएमा नियन्त्रण गर्न सकिने एउटा दीर्घरोग हो । त्यसर्थ बुद्धिमानी र सुरक्षित बाटो भनेको यसको उपयुक्त नियन्त्रण गर्न सक्नु र करिब करिब रगतमा चिनीको मात्रा ठिक्क भएको अवस्थामा रहन सक्नु हो । कसलाई हुनसक्छ भनेर अध्ययन गर्दा बढीभन्दा बढी बंशाणुगत रूपमा आउन सक्छ, जस्तो बाबुआमा दुवैलाईं वा उनीहरूमध्ये एकजनालाई मात्र भएमा पनि यो रोगको सम्भावना बढेर जान्छ । त्यो बाहेक आधुनिक जीवनशैली, अल्छिपना, अधिक तौल साथै बातावरण यो रोग लाग्न सहयोगी साबित हुनसक्छन ।

**३) चिनीरोग लाग्यो कि भनेर कहिले शंका गर्ने ?:**

पहिलो तथा सजिलो तरिका त चिनी–रोगको लक्षण देखा परेमा सहज भयो नै । ती लक्षणहरू हुन-अत्यधिक भोक, अत्यधिक पिसाब लाग्ने, अत्यधिक प्यास, घाउ, खटिरा पिलोहरू ठिक नहुनु, तौल घट्नु, कमजोर महसुस हुनु । यसरी लक्षणले सम्भावना देखाएपछि रक्तपरीक्षण गरेर निर्क्यौल वा निदान गर्न सकिन्छ ।

**४) चिनीरोगलाई व्यस्थापन वा नियन्त्रण गर्न के के गर्नु पर्ला त ?:**

निम्न तीन खास तरिका, जुन तहगत रूपमा अपनाएर जानु पर्दछ , यिनीहरूनै रोगको नियन्त्रणको आधार स्तम्भ मानिन्छन् –क) आहार विहार (ख) चलायमानता वा नियमित व्यायाम (ग) औषधोउपचार । माथिका आधारस्तम्भमा, कुनै एउटाको दुरूपयोग वा अनुपयोगले चिनीरोगको नियन्त्रणमा असफलता ल्याउन सक्छ । यिनै माथिका तीन तरिकाले नै चिनी–रोगसँगै आउन सक्ने सह-समस्याहरूको समेत नियन्त्रण गर्न सक्छ । ती हुन- उच्च रक्तचाप, कोलेष्टेरोल, धुम्रपान, हृदयाघातसम्बन्धी अवस्था आदि । त्यसैले व्यापक जीवनशैलीमा सुधार, कडा अनुशासन, नियमित तथा एकरूपता सहितको खानपिन, व्यवहार, विचार तथा स्वज्ञान र स्वजिम्मेवारी यो रोगलाई जित्न नदिने थप ऊर्जा हुन ।

**५) रगतमा चिनीको मात्राको परी–क्षण कहिले कहिले गर्नु उपयुक्त हुन्छ ?:**

सुरूसुरूमा निदानको लागि खाली पेटमा (कमसेकम आठ घण्टा केही नखाएको अवस्था), खाना खाएको दुई घण्टामा र गतमा चिनीको मात्रा तथा कुनै पनि बखत रगतमा ग्लाइकेटेड हेमोग्लोबिन जाँच्नु पर्ने हुन्छ । नियमित परीक्षण चाहिँ चिनीको मात्रा कतिको नियन्त्रित छ भन्नेमा आधा–रित भएर हरेक एक दुई महिनामा रगतमा चिनीको मात्रा (दुवै खाना नखाएको खाली पेटमा तथा खानाको दुई घण्टा पछि) तथा हरेक तीन महिनामा ग्लाइकेटेड हेमोग्लोबिन जाँच्नु पर्छ । यदि उपचारको क्रममा हो भने हरेक औषधीको मात्रा वा नयाँ औषधी थप गर्नासाथ प्रभाव हेर्न ५-७ दिनमा खाली पेट र खानापछि दुबै हेर्नु पर्दछ । जहाँसम्म अति धैरै चिनीको तह भएमा, इन्सुलिन सुइको मात्रा हेर्न र चिनीरोग नियन्त्रण गर्न परेमा हरेक २,६ घण्टामा हेरेर पनि व्यवस्थापन गर्नु पर्ने हुन्छ । त्यसर्थ रगतको परीक्षण गर्न मानसिक रूपमा तयार हुनु पर्ने हुन्छ ।

**६) कुन औषधीले कसरी नियन्त्रण गर्न सकिन्छ ?:**

औषधीका प्रकार तथा मात्रा एकदम व्यापक धैरै तथा गाह्रो भएकोले सबैको ब्याख्या गर्न सकिँदैन तर जान्नै पर्ने भनेको चिनीको मात्रा घटाएर न्यून चिनी गराउन सक्ने समूहमा खाना अघि खान भनिएको चक्कीहरू पर्दछन:- ग्लिमेपेराइड, रिपेनाइड, ग्लिलाजाइड, ग्लिपिजाइड, रोजी ग्लिटाजोन, ग्लिबेनक्लामाईड, पायेग्लिटाजोन तथा इन्सुलिन सुइ पर्दछन ।

यिनीहरूले न्यून चिनी हुने डर रहन्छ र तौल केही बढाउन पनि सक्छन । त्यसको उल्टा मेटफरमिन तथा एकाबेजि भन्नेले तौल घटाउने तथा शरीरमा चिनीको मात्रा धेरै न्यून नगराउने हुन्छन् । त्यस्तै चिनी–रोग नियन्त्रण बाहिर रहेमा मृगौला फेल हुने, स्नायूघात हुने भएमा इनसुलिन चलाउनु पर्दछ तथा मेटफर्मिन चलाउन हुँदैन । यसको साथै भर्खर आएका नयाँ नयाँ ओषधी (सिताग्लिप्टिन) ले पनि न्यून चिनी गराउने डर कम नै हुन्छ ।

**७) न्यून चिनीको अवस्था भनेको के हो र कसरी थाहा पाउने ?**

शरीरमा हुनै पर्ने मात्रा वा तहभन्दा तल झर्दै गएमा त्यस्तो शरीरको चिनीको मात्रालाई न्यून चिनीको अवस्था भनिन्छ । यो अवस्था उच्च चिनी अवस्थाभन्दा डर लाग्दो हुन्छ र घट्दै गएर बेहोस भएर जाने, अपाङ्ग हुने वा मृत्युसम्म पनि हुनसक्छ यदि साह्रो घटेर गयो भने । यो अवस्थाको शुरु लक्षणहरू हुन:- कमजोर महसुस हुनु, एकदम पसिना आउनु, मुटु हल्लनु, टाउको हल्का वा रित्ता महसुस हुनु, भोक लाग्नु, लट्ठिनु तथा बेहोसीतिर बढ्दै जानु तथा पुरै बेहोस भएर काप्ने, छोप्नेसम्म हुन सक्नु तर यस्तो अवस्था बिरलै हुन्छ । त्यसर्थ न्यून चिनीको अवस्था आउन नदिन आफै औषधी बढाउने, घटाउने, थप्ने कुरा कहिले नगर्ने, चिनीरोगले चकलेट वा केरा वा अलिअलि चिनी साथमा लिइ हिड्ने ( खासगरी नयाँ औषधी चलाउँदा त खासै तवरमा सतर्क हुनै पर्दछ) र त्यस्ता लक्षणको शंका भएमा चिनी वा चकलेट खाने वा बिरामीलाई खुवाउने ।

**८) इन्सुलिन सूरू किन र कहिले गर्ने गरिन्छ ?**

इन्सुलिन लगाउन सूरू गर्नु भनेको अन्तिम अवस्था हो भन्ने जुन विश्वास छ, त्यो गलत हो । पहिले पहिले सुई लगाउनको लागि परिचारिका खोज्नु पर्ने, स्वास्थ्य कार्यकर्ता चाहिने, दुख्ने, गाह्रो हुने हुनाले भरसक सुई लगाउन नपरे हुन्थ्यो भन्ने ध्येय हुन्थ्यो बिरामी तथा चिकित्सकको पनि । तर आज विरामीले आफैले सुइ लगाउन सक्ने, सहज कलम जस्ता उपक–रण आएको हुनाले सुईको व्यापकता बढ्दो छ । सुईबाट प्राकृतिक रूपमा चाहिने हार्मोन नै दिइने हुनाले मृगौला, स्नायु, मुटुको सुरक्षाको लागि वा चक्कीले नियन्त्रण गाह्रो भएमा वा सूरूमै धेरै उच्च चिनीको मात्रा भएमा, संक्रमण भएको भएमा वा शल्यक्रिया गर्नु पर्ने अवस्था भएमा तथा जटिलता आएमा इन्सुलिन सूरू गर्नुपर्ने हुन्छ । त्यसमा पनि चिनीरोग बच्चालाई भएमा त इन्सुलिन लिनु मात्र एउटा उपाय हो ।

**९) चिनीरोग परिवारमा हुँदा अरु बिरामी नपर्न के गर्नुपर्ला ?:**

चिनीरोग सरुवा रोग होइन । यो एक आपसमा कदापि सर्दैन । तर चिनीरोग हुने व्यक्तिको रोग नियन्त्रण गर्न परिवारका सदस्यको महत्वपूर्ण भूमिका रहन्छ । विरामी आफै, परिवार तथा चिकित्सक तीनै तहमा जिम्मेवार महसुस भएमा नियन्त्रण सहज हुन्छ । वंशानुगत रूपमा बाबुआमालाई भएमा छोराछोरीको सम्भावना बढ्नु पनि सरुवा होइन

**१०) चिनीरोग लागेपछि त आकाशै खसेजस्तो भयो नि ? न खान पाउनु, न स्वतन्त्र हुन पाउनु ?**

त्यस्तो सोच गलत हो । चिनीरोग लागे पनि जीवनशैली सुधार्ने, नियममा बस्ने, चिकित्सकको सल्लाह लिने तथा शरीरमा चिनीको मात्र सँधै ठिक्क, चाहिने जति राखिराख्न सकेमा, चिनीरोग लाग्नु, नलाग्नुमा कुनै अन्तर आउँदैन । राम्रो नियन्त्रित चिनीरोगले व्यक्तिगत प्रगति, स्वास्थ्य, सामाजिक प्रतिष्ठा तथा बुद्धि विकासमा कुनै फरक पर्दैन । त्यसैले आफू स्पष्ट र दृढ हुन सकेमा यो केही पनि होइन । *मधुमेही समाजको बुलेटिनबाट साभार*

# नीलः सांस्कृतिक पुचःको बृहत सांस्कृतिक कार्यक्रमको सन्दर्भमा

**(यहि आउने कार्तिक ८ गते मंगलवार नीलः सांस्कृतिक पुचः कीर्तिपुरले वृहत सांस्कृतिक कार्यक्रम तथा परंपरागत नेवाः भ्वयृको आयोजना गरेको सन्दर्भमा २०३४ सालदेखि सांस्कृतिक क्षेत्रमा लाग्नु भएका ४९ वर्षिय नीलः सांस्कृतिक पुचःका संस्थापक अध्यक्ष तेजमान वज्राचार्यज्यूसँग कुराकानी गरेका केही अंशहरू यहाँ प्रस्तुत गरिएको छ – सं.)**

**नीलः सांस्कृतिक पुचःको परिचय :**

वि.सं.२०६४ मंसिर ५ गते कीर्तिपुरमा नेवाः संगित तथा सांस्कृति प्रेमीहरूको भेलाबाट विधिवत रूपमा नीलः सांस्कृतिक पुचःको गठन गरेको थियो । यसको संस्थापक अध्यक्षमा तेजमान बज्राचार्य र सचिवमा उज्ज्वल महर्जन सहित १४ जना सदस्यहरू रहनु भएको थियो । यो संस्थालाई विधिवत दर्ता गर्ने प्रक्रियामा लागेको छ ।

**नीलः सांस्कृतिक पुचःको उद्देश्य :**

नेपालभाषा, संस्कृति र नेवारहरूको मौलिक बाजागाजाहरूको संरक्षण तथा विकास गर्ने यसको लक्ष रहेको छ ।

**हालसम्मको उपलब्धी :**

नीलः सांस्कृतिक पुचःले काठमाडौं उपत्यका र बाहिर गरी हालसम्म ११६ स्थानमा आफ्नो सांगितिक प्रस्तुति गर्न सक्नु, अहिलेसम्म निरन्तर चलिरहनु नै यसको उपलब्धी मानेको छ । कहिंबाट कार्यक्रम प्रस्तुत गर्न निमन्त्रणा आउँदा जाने आउने र खानाको व्यवस्था उनीहरूले नै गर्नुहुन्छ । यतिउति भनेर पारि श्रमिक तोकेर लिने गर्नु भएको छैन । विवाह ब्रतबन्धमा जाँदा भने पारिश्रमिक लिने गर्नु भएको छ । जनताको माया निरन्तर पाइर हेको छ । यसपालीको इन्द्रजात्राको अवसरमा बसन्तपुरमा गरेको सांस्कृतिक कार्यक्रममा हजारौं हजार दर्शकहरूले मन्त्रमुग्ध भएर साढे तीनघण्टासम्म हेर्नुभयो । यो नै हाम्रो सफलता मानेको छ ।

**कार्तिक ८ गतेको वृहत सांस्कृतिक कार्यक्रमको सम्बन्धमा:**

नीलः सांस्कृतिक पुचःको एकल कार्यक्रम हो । यसको अलावा यसमा नेपालको एकजनामात्र वाद्यवादक सूर्यनारायण महर्जनले एकैचोटि ६० वटा बाजा बजाउनु हुनेछ । ईमेज च्यानलका 'समयवजि' कार्यक्रमका



नीलः सांस्कृतिक पुचः स्थापनाकालदेखि हाल सम्म पनि अध्यक्ष रहनु भएका तेजमान बर्ज्राचार्य

कलाकारहरूको हास्यव्यंग पनि प्रस्तुत हुनेछ । सांस्कृतिक कार्यक्रममात्र होइन नेवार परंपरा अनुसार भोजमा राख्ने १२ थरी ब्घ्यासाः राखेर मौलिक नेवार भोज ख्वाउने व्यवस्था पनि गरेको छ । कार्यक्रमस्थलको सुरक्षाको लागि बाहिर १० जना सशस्त्र प्रहरी र भित्र स्वयंसेवकहरूले सुरक्षा प्रदान गर्नेछ ।

**तपाईं व्यापारी भएर पनि यस्तो समाजसेवाका काममा कसरी समय निकाल्नु भयो ?**

जीवन जिउनको लागि केही न केही काम त गर्नै पऱ्यो । म एकजना व्यापारी हुँ । व्यापारबाट निकालेको समयमा समाज सेवा गर्ने गरेको छु । पैसानै सबैथोक होइन । आफू भित्र रहेको प्रतिभा देखाउन जसरी पनि समय निकाल्न सकिन्छ । मान्छेको मनको कुर ा हो । मनले चाहेमा जे पनि गर्न सकिन्छ । सामाजिक काममा अहिलेसम्म २३९ वटा सामाजिक संघ संस्थाहरूलाई प्रोत्साहन स्वरुप विभिन्न किसिमले सहयोग गरी सकेको छु । हालसालै आएर कीर्तिपुर का द्यःला समाजलाई सांस्कृतिक पहिचान दिन धिमे, बाँसुरी, खिँ र माडल बाजा बजाउन प्रशिक्षण दिइरहेको छ । यसमा गुरुहरू तेजमान बज्राचार्य, उज्ज्वल महर्जन र अनुप महर्जन हुनुहुन्छ । यसमा नासः पुजा गरेर विधिवत रूपमा प्रशिक्षण दिइरहेका छन । सात गाउँले जात्राको अवसरमा बाजाको प्रदर्शन गरिनेछ ।

कीर्तिपुरवासीलाई खुसिको खबर

कीर्तिपुरमा खोज पत्रकारीता गर्दै आएको यस कीर्तिपुर सन्देश साप्ताहिकले तपाई पाठक वर्ग र सरोकारवाला वीचको सम्वन्ध र जिज्ञासालाई स्पष्ट पार्ने एउटा नयाँ स्तम्भ सुरुवाट गर्न लागेको कीर्तिपुर वासीलाई खुसिको खबर छ ।

प्रतिक्षा गर्नु होला

साप्ताहिक रूपमा एउटा नितान्त नयाँ स्तम्भ तपाईका लागि

कीर्तिपुर सन्देश साप्ताहिक

फोन ४३३३००७, ९८४१४०१०७७

## नेपाली भाषाको माध्यमबाट नेपालभाषा सिकौं

| नेपालभाषा | | नेपाली भाषा |
|---|---|---|
| छुं न्हूगु खँ मदु – | धयादिसँ | भन्नुहोस |
| *केही नयाँ कुरा छैन।* | थुल ला ? | *बुझ्नु भो ?* |
| याकनं यानादिसँ – | भपादिसँ | *खानुहोस* |
| *छिटो गर्नुस।* | अहँ मथु | *अहँ बुझिन* |
| क्या उल्लु – | छु जुल ? | *के भयो ?* |
| *कस्तो वाहियात।* | खँ छु खः | *कुरा के हो* |
| सुम्क च्वना दिसँ– | फ्यतुना दिसँ | *बस्नुहोस* |
| *चुप लाग्नुस।* | छँ गन थें ? | *घर कहाँ हो* |
| भल्सा यानादिसँ – | छु धयादिया | *के भन्नुभयो* |
| *भरोसा गर्नुस।* | थ्व छु खः ? | *यो के हो ?* |
| छुं खँ मदु – | थ्व सफू खः | *यो पुस्तक हो* |
| *हैन, केही कुरा छैन।* | व छु खः ? | *त्यो के हो ?* |
| हानं छकः धयादिसँ– | व छँ खः | *त्यो घर हो* |
| *फेरि एकपल्ट भन्नुस* | छ सु खः ? | *तिमी को हौ* |
| हाकनं लिपा नापलाये – | व सु खः | *ऊ को हो ?* |
| *फेरि भेटौंला।* | अहँ मदु | *अहँ छैन* |
| कन्हय् नापलाये – | अँ सः | *अँ जान्दछु* |
| *भोलि भेटुंला।* | थन छु दु | *यहाँ के छ ?* |
| न्यनाहःगु दु धयाब्यू– | अन छु दु | *त्यहाँ के छ ?* |
| *सोधेको छ भनी दिनु।* | जिं मस्यू | *मलाई थाहा छैन* |

# १३ औं सहिद राजेन्द्र स्मृतिकप भलिबल प्रतियोगिता सम्पन्न



नवीन महर्जन

इन्द्रायणी परिवार क्लब कीर्तिपुरको आयोजनामा गत असोज ११ गतेदेखी कीर्तिपुरमा सुरू भएको १३ औं शहिद राजेन्द्र स्मृति कप भलिबल प्रतियोगिता गत २०६८ असोज २० गते शुक्रवार सम्पन्न भएको छ।

यस भेगमा कुल ८ टिमले सहभागीता जनाइएको सो प्रतियोगितामा सहभागी समूहरूलाई तल उल्लेख गरे अनुसार दुइ समूहमा विभाजन गरिएको थियो।

| समूह 'क' | समूह 'ख' |
|---|---|
| १) इन्द्रायणी परिवार क्लब | १) सूर्ज सनस्टार क्लब |
| २) कीर्तिपुर युनाइटेड क्लब | २) मोबाइल नेकुन्ज |
| ३) ज्वालादेवी क्लब | ३) विष्णदेवी बालबाटीका क्लब |
| ४) बाहीरीगाउँ युथ क्लब | ४) जस्टिस फाइट क्लब |



लिग कम नकआउटको आधारमा सम्पन्न भएको यस प्रतियोगितामा लिग चरणमा उत्कृष्ट प्रदर्शन गरी समूह 'क' वाट समूह विजेता भई बाहिरी गाउँ युवा क्लब र उपविजेता भई इन्द्रायणी परिवार क्लब सेमिफाइनल प्रवेश गरेको थियो। त्यस्तै गरि समूह 'ख' वाट विजेता भई सुर्ज सन स्टार क्लब र मोबाइल नीकुन्ज उप विजेता भई सेमिफाइनलमा प्रवेश गरेको थियो। सेमिफाइनलमा इन्द्रायणी परिवार क्लबले ३–२ सेटा सुर्ज सन स्टार क्लबलाई पराजीत गरि फाइनल पुग्न सफल भएको थियो भने बाहीरी गाउँ युवा क्लबले मोबाइल निकुन्जलाई पराजीत गरि फाइनलमा पुगेको थियो। सेमिफाइनल प्रतियोगीता गत असोज १७ गते मंगलवार सम्पन्न भएको थियो।

सो प्रतियोगिताको फाइनल लिग गत असोज २० गते इन्द्रायणी परिवार क्लब र बाहिरी गाँउ युवा क्लब विच भएको थियो। जसमा ३-० को सोभ्रो सेटले इन्द्रायणी परिवार क्लबले जित हासिल गरी प्रथम भएको थियो। लिगमा इन्द्रायणी परिवार क्लबलाई जित्न सफल बाहिरी गाउा दोस्रो स्थानमा चित्त बुझाउन वाध्य भयो। त्यसैगरी उद्घाटन म्याचमा सूर्ज सन स्टार क्लबले मोइल निकुन्जलाई जित्न सफल भएको थियो भने तेस्रो स्थानको खेलमा ३-१ सेटले जित्न सफल भई मोबाईल निकुन्जले तेस्रो स्थान हात पार्न सफल भएको छ।

गत वर्ष प्रथम भएको सूर्ज सन स्टार क्लब यसवर्ष वेष्ट टिमको उपाधि पाउन सफल भएको छ।

फाइनल खेल पश्चात क्लबका अध्यक्ष सुरेन्द महर्जनको सभापतित्वमा भएको पुरस्कार वितरण कार्यक्रम भएको थियो। जसमा प्रमुख अतिथी राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव युवराज लामा, अतिथिहरुमा कीर्तिपुर खेलकुद विकास समाजका अध्यक्ष प्रदीप महर्जन, शहिद व्यवस्थापन समितिका अध्यक्ष टिकाराम महर्जन, शहिद राजेन्द्रका पिता नन्दलाल महर्जन एवम क्लबका सल्लाहा एवम पदाधिकारीहरुको उपस्थित रहेको थियो।

विजयी तथा अन्य सहभागी टिम तथा खेलाडिहरुलाई प्रमुख अतिथि तथा अतिथीहरुले पुरस्कार वितरण गर्नु भएको थियो। यस प्रतियोगीतामा नगद पुरस्कार लगायत कप, ट्रफी, मेडल एवम प्रमाण पत्रको व्यवस्था गरिएको थियो।

यस प्रतियोगीताको विभिन्न विधामा निम्न टिम र खेलाडिले उत्कृष्ट पुरस्कार प्राप्त गर्न सफल भएको थियो।

१) वेष्ट टिम – सूर्ज सन स्टार क्लब, २) वेष्ट प्लेयर – वाहिरी गाउँ युवा क्लब – सुमन श्रेष्ठ, ३) वेष्ट सर्भिस – मोबाईल निकुञ्ज– अनिल महर्जन, ४) वेष्ट इस्माकर– इन्द्रायणी परिवार क्लब – प्रविन महर्जन, ५) वेष्ट ब्लकर – इन्द्रायणी परिवार क्लब – ज्याकी महर्जन
६) वेष्ट लिफ्टर – इन्द्रायणी परिवार क्ल्ब – रविन्द्र महर्जन
७) वेष्ट डिफेन्डर – इन्द्रायणी परिवार क्लब – रिबेक महर्जन, ८) वेष्ट कोच – इन्द्रायणी परिवार क्लव – निरञ्जन महर्जन, ९) नव आगन्तुक खेलाडि – मोबाईल निकुञ्ज – अनिल, १०) अनुशासित टिम – कीर्तिपुर युनाईटेड क्लब

यस इन्द्रायणी परिवार क्लबले यो १३ औं शहिद राजेन्द्र स्मृति कप भलिवल प्रतियोगीता सफलता पूर्वक सम्पन्न गरिएको छ। यस क्लबले भलिवल खेलको विकासको लागि नियमित रुपमा स्कूल स्तरीय छात्र/ छात्रा एवम शिक्षकहरुको प्रतियोगिता गरीर खेको छ भने क्लबस्तरीय प्रतियोगीता पनि नियमित रुपमा गरि राखेको छ।

अझ यस खेललाई आकर्षक बनाउन खुल्ला प्रतियोगिता गर्न आवश्यक देखिएको छ। क्लब स्तरीय प्रतियोगिताबाट उत्कृष्ट खेलाडि छनौट गरी कीर्तिपुरको १ वा २ टिम बनाई अझ खुल्ला प्रतियोगीता जुन कीर्तिपुर नगरपालिकाले बढी भन्दा बढी आर्थिक भार वहन गरी गर्न सके अझ यो खेललाई उकास्न मद्दत पुग्दछ। साथै यस भेगमा भएका राष्ट्रिय तथा क्षेत्रीय रेफ्रिहरुले पनि यस खेल आयोजनामा सहकार्य गरे अझ टेवा पुग्न जाने छ।





# हिसाको आयोजनामा प्रथम कीर्तिपुर ब्याडमिन्टन प्रतियोयोगीता प्रारम्भ

हिलटाउन उच्च म.वि.का भूतपूर्व विद्यार्थीहरुको संगठन हिसा (HESA) को आयोजनामा संचालित प्रथम कीर्तिपुर ब्याडमिन्टन कप प्रतियोगीता २०६८ को प्रारम्भ गत असोज २२ गते आइतवारदेखि भएको छ।

यस प्रतियोगीताको उट्घाटन कार्यक्रम यस प्रतियोगीताको संयोजक अमन महर्जनको सभापतित्वमा प्रमुख अतिथी नेपाल ब्याडमिन्टन संघका महा-सचिव राम जी बहादुर श्रेष्ठ लगायत अतिथीहरु कीर्तिपुर खेलकुद विकास समाजका अध्यक्ष प्रदिप महर्जन, हिउटाउन उच्च मा.वि. व्यवस्थापन समितिका अध्यक्ष हिराकाजी महर्जन, नेपाल जुडो संघको तर्फबाट रमेश महर्जन कीर्तिपुर ब्याडमिन्टन क्लबका अध्यक्ष दुर्कुमान महर्जन, हिलटाउन उच्च मा.वि.का प्रिन्सिपल राजन तण्डुकारको उपस्थिती रहेको थियो।

यस उड्घाटन कार्यक्रमको संचालन हिसाको अध्यक्ष सन्तोष महर्जनले गरेको थियो। यस प्रतियोगीताको उड्घाटन प्रमुख अतिथी राम जी वहादुर श्रेष्ठ र विद्यालय व्यपस्थापन समितिका अध्यक्ष हिराकाजी महर्जनको बीच खेलबाट भएको हो।

उड्घाटन समारोहमा आफ्नो मन्तव्य दिने क्रममा प्रमुख अतिथीले यो ब्याडमिन्टन विद्यालयस्तरमा प्रतियोगीता गरी नयाँ पुस्ताहरू तयार गरी हुनुपर्ने र सिनियोर खेलाडीले उनीहरूले मार्ग निर्देशन गर्नु पर्ने कुरा राख्नु भएको छ।

यस प्रतियोगीताको प्रथम खेल मेन्स डबल अन्तर्गत केश महर्जन र सिंहमान महर्जनको जोडीले चन्दन महर्जन र ईश्वर मुनी बज्राचार्यको जोडीलाई २१-१५ र २१-१८ ले हराउन सफल भएको थियो। यो प्रतियोगीतामा मेन्स सिङ्गल, मेन्स डबल, भेट्रान सिङ्गल र भेट्रान डबल्स इभेन्ट्सहरूको आयोजना गरि एको छ। विद्यालयस्तरीय प्रतियोगीता प्रायः दशैं विदाको कारण बन्द रहेकोले हाललाई स्थगीत गरिएको छ। यो प्रतियोगीताको फाइनल खेलहरु कार्तिक ६ र ७ गते हुने आयोजकले जानकारी दिएको छ।

# ‘चोरी र लुटपाटमा संलग्नहरूले कीर्तिपुर सेल्टरको रूपमा प्रयोग गर्दै आइरहेको छ’



**‘त्रिवि भित्र भिसि, रेक्टर, रजिष्ट्रारको कार्यालयका साथ साथै ३६ विभागहरू मध्ये प्रत्येक दिन कुनै न कुनै ठाउँमा सामान्य कुरादेखि राजनीतिक विषयका साथै जाँचमा फेल भयो भनेर समेत ढुंगामुढा गर्नेदेखि झडप समेत हुने गरेका कारण दिन दिनै त्रिविमा गइरहनु पर्ने भएकोले अहिले आएर त्रिविको भिसी गेटमा नै ६ जनाको प्रहरी टोली दैनिक रुपमा १० बजेदेखि ५ बजे सम्म बस्ने व्यवस्था मिलाएको छु।’**

ललितपुरको गोदावरीमा स्थायी घर भएका प्रहरी निरीक्षक मधुसुदन सिलवालले कीर्तिपुरमा आफू पहिलादेखि चिनजानमा रहेको र कीर्तिपुरवासीबाट सहयोग पाएका कारण आफुलाई काम गर्न अप्ठ्यारो नभएको समेत बताउने उहाँले कीर्तिपुरको चोभार देखि टौदहसम्मको क्षेत्रमा रिसोर्टको नाममा जोडी बस्ने गरेको र त्यस्ता जोडीहरूलाई नियन्त्रणमा लिई कारवाही अगाडि बढाउँदा उनिहरूको घर परिवार समेत बिग्रने अवस्था आउन सक्ने भएकोले एउटा अपराधलाई रोक्न खोज्दा अर्को अपाराध जन्मन सक्ने खतरा भएकोले अप्ठ्यारो भएको समेत जानाकारि दिनु भएको छ।

कीर्तिपुर नगर क्षेत्रभित्र अहिलेको अवस्थामा सबैभन्दा बढि मात्रामा जनशक्ति त्रिभुवन विश्व विद्यालयमा खर्च भइरहको बताउँदै उहाँले भन्नुभयो ‘त्रिवि भित्र भिसि, रेक्टर, रजिष्ट्रारको कार्यालयका साथ साथै ३६ विभागहरू मध्ये प्रत्येक दिन कुनै न कुनै ठाउँमा सामान्य कुरादेखि राजनीतिक विषयका साथै जाँचमा फेल भयो भनेर समेत ढुंगामुढा गर्नेदेखि झडप समेत हुने गरेका कारण दिन दिनै त्रिविमा गइरहनु पर्ने भएकोले अहिले आएर त्रिविको भिसी गेटमा नै ६ जनाको प्रहरी टोली दैनिक रुपमा १० बजेदेखि ५ बजे सम्म बस्ने व्यवस्था मिलाएको छु।’

त्रिभुवन विश्व विद्यालयका लागी छुट्टै किसिमको सुरक्षा व्यवस्था राख्ने विषयमा अध्ययन भइरहेको समेत उहाँले बताउनु भएको छ।

कीर्तिपुरका स्थानीयवासीसँग मिलेर भविश्यमा नयाँबजार क्षेत्रमा २४ सै घण्टा आवश्यता अनुसारको अस्थायी रूपमा सुरक्षाको व्यवस्था गर्ने र अपराधलाई नियन्त्रण गर्न राती सुरक्षा गस्ती अझ बढी र प्रभावकारी गर्ने योजना रहेको समेत प्रहरी निरीक्षक मधुसुदन सिलवालले बताउनु भएको छ।

कीर्तिपुरमा हाल महानगरीय प्रहरी प्रभाग रहेको भौतिक पूर्वाधार २०३० सालमा हवल्दारका लागी बनाईएको र हाल आएर १३६ जना बस्नु परेका कारण समस्या भएको गुनासो समेत उहाँको छ।

प्रहरी निरीक्षक सिलवाल भन्नु हुन्छ ‘अहिले १२६ जना प्रहरी छन् भौतिक पूर्वाधारको रूपमा ३ वटा कोठाहरू छ। बस्ने ठाउँको समेत समस्या छ।’

## थुनुवाको डायरी–१३-




## २०६७/०६/२४ आइतवार- चौथो दिन

आज म यो भद्रवन्दी गृहमा आएको चौथो दिन। मैले यहाँ दुई तीन जना साथीहरू बनाई सकेको छु। त्यसैले मेरो समय विहानभरि यता उता घुम्दै बित्न थालेको छ।

अचानक माईकबाट मेरो नाम तीन चोटि बोलायो। मैले घडि हेरें ९.४५ बजेको छ। को आएको होला भनेर ढोकामा गएँ। कीर्तिपुर दर्पण पत्रिकाको सम्पादक नरेश बटाला आएको रहेछ। भेटघाटस्थलमा गएँ।

“तपाईंलाई फसाउन मेरो पनि हात छ भन्नुभएको छ रे हो?” उसले मसँग सोध्यो।

“हो कि होइन मैले यकिन भन्न सक्दिन तर परिस्थितिले तपाई पनि यसमा संलग्न देखियो।” मैले भनें।

“कसरी भन्नुहुन्छ?”

“मलाई समातेको भोलिपल्ट हाम्रा संस्थाका मान्छेहरूले बच्चाहरूलाई भेट्छु भन्दा भेट्न दिएन रे। त्यही बेला तपाई भने बच्चाहरूलाई भेटेर ओर्लंदै हुनुहुन्थ्यो। यदि तपाईंको संलग्नता नभएको भए तपाईंलाई मात्र किन भेट्न दिइयो?”

उसको मुहार अँध्यारो भयो। उसले त्यस्तो केही होइन भन्यो। उसोभए निर्मलालाई भेटेर मेरो पक्षमा बोल्न लगाउनु होला भनेर मैले भनें।

“अहिले म घर जाँदै छु। घरबाट आएपछि भेटेर सम्झाई दिन्छु।” यति भनि ऊ गयो।

खाना खाएर घाम तापिरहेको थिएँ। फेरि माईकबाट मेरो नाम बोलायो। ढोकामा गएँ। छोरा निरज र भरत आएका रहेछन। उनीहरूले मलाई ज्वजलपा पत्रिका देखायो। ज्वजलपा पत्रिका प्रकाशन भइरहेकोमा म खुशी भएँ। छोराले पत्रिकालाई निरन्तरता दिन्छु भन्यो। छोराले मलाई रेडियो पनि ल्याइदिएको रहेछ।

“मलाई भेट्न दिनका दिन आइर हनु पर्दैन।” मैले छोरालाई भनें।

“तपाईंको मुख नदेखेसम्म मेरो मनै मान्दैन। त्यसैले जुनबेला भएपनि एकचोटि त आउँछु।” मलाई टिफिन क्यारियर दिएर छोरा गयो। भान्सामा राखेर आएँ। म घरबाट निस्केको १८ दिन भयो। एकचोटि पनि नुहाएको छैन। मेरो जिउ चिलाउन थालेको छ। पानी नाईकेलाई भनेर एक बाल्टिन पानी लिएर नुहाएँ। जिउ हलुका भयो। नुहाएर घाम तापिरहेको थिएँ फेरि माईकबाट मेरो नाम बोलायो। को आएको होला भनेर ढोकामा गएको त बहिनी नन्दकुमारी र देवराज आएको रहेछ। कुराकानी भयो। ममाथि झूठा आरोप लगाएर बन्दी बनाएकोमा दुबैजनाले चित्त दुखाए। नन्दकुमारीले बच्चाहरूलाई भेट्न जाँदा भेट्नै दिएन। नीरूसँग मात्र भेट्न दियो। “मिस हामीलाई बचाउनुस्। हाम्रो जीवन बर्वाद भयो।” भनेर नीरू रोइन रे। उनीहरूसँग छुटेर आएपछि छोराले ल्याइदिएको खाजा खाइरहेको थिएँ फेरि माईकबाट मेरो नाम बोलायो। ओहो कतिजना मलाई भेट्न आएको? म ढोकामा गएँ। पंचलाल आएको रहेछ। ऊसँग पनि कुराकानी भयो।

“पुर्पक्ष हान्छ भनेर सोचेकै थिएन। हान्यो। अब १७ नंम्बर पुनरावेदनमा जाने। अहिलेसम्म कृष्णकुमारले मसँग भेट्नै चाहेको छैन। जसरी भएपनि ऊसँग कुरा गरेर बकपत्रमा मिलाउनु पर्ला। धन्दा नमान्नुस दाइ तपाईले सफाई पाउनु हुनेछ।” पंचलालले भन्यो

उसको कुरा सुनेर मेरो मनमा अलिकति आशाको दियो बल्यो। ऊसँग छुटेर आएपछि भित्र साथीहरूसँग कुरा गरें। बकपत्रमा मिलाउन सके मैले सफाई पाउन सकुंला नत्र खतरा छ भन्यो। अब धेरैजनाले मसँग मेरो मुद्दाको बारेमा कुरा गर्न थाले। जवर जस्ती करणी उद्योग भन्दा ल तपाईंलाई फसायो भन्छन्। यो ज.क.उ. भनेकै मान्छे फसाउने मुद्दा हो रे। उद्योग मात्र गरेको हो करणीनै गरेको होइन भन्दा आफ्नो इज्जत जोगिने। शत्रु पनि ढाल्न पाउने। यो शीर्षकको मुद्दामा न्यायाधिशले २ वर्षदेखि ६ वर्षसम्म कैद सजायँ दिएको छ। यो डलरधारी संस्थाले यस्तै केस छुन्छ। यसरी मुद्दा लड्न उनीहरूलाई विदेशबाट हजारौं हजार डलर आउँछ। बच्चाहरू पाल्न पनि डलर आउँछ। यस्तो कुरा सुनेपछि मेरो मनमा डर पैदा भयो। साँच्चै मलाई कैद पठायो भने मैले समाजमा के मुख देखाउने? मलाई ती बच्चाहरूदेखि रिस पनि उठ्यो। कस्ता बैगुणी बच्चाहरू? लाज शर्म नभएकाहरू। मलाई बा भनि नथाक्ने केटीहरूले आज मलाई यस्तो आरोप लगाएर यस्तो ठाउँमा आउन बाध्य पारे। हिजो राजनीति गर्दा कस्तो कस्तो परिस्थितिमा म बचेको थिएँ। आज केही नगर्दा पनि जेल जीवन बिताउनु पररिहेको छ। यो सतीले सरापेको देश यहाँ राम्रो काम गर्ने मानिसको भलो हुँदैन भन्थ्यो साँच्चीकै रहेछ।

म फूलवारीमा एक्लै झोक्राएर बसिरहेको थिएँ। अस्ति म आएको दिननै आएको केटो रमेश साह मेरो नजिक बस्न आयो। ऊसँग कुराकानी भयो। यहाँ जोससँग चिनापर्चि गरेपनि आफ्नो मुद्दाको बारेमा कुरा हुन्छ। पहिले मैले आफ्नो बारेमा बताएँ। अनि उसले पनि आफ्नो बारेमा बतायो।

ऊ भारतको विहार प्रदेशको सुगौलीमा घर भइ सानै उमेरदेखि काठमाडौंमा आएर भोटेबहालमा एकजना मारवाडी साहूको घरमा घरेलु नोकर भएर काम गरिरहेको थियो। उसले त्यो घरमा भात पकाउने देखि लिएर लुगा सम्म धोइदिन्थ्यो। ऊ २० वर्षको उमेरदेखि साहूनीले उसलाई कहिले लोभ दिएर, कहिले धम्कि दिएर बलात्कार गर्दै आइरहेकी थिइन। अहिले ऊ २५ वर्षिय लक्का जवान भइसकेको छ। साहनी ३८ वर्षकी भइन। साहूजीको अनुपस्थितिमा साहूनीले ऊसँग यौनानन्द लिंदै आइरहेकी थिइन। एक महिना पहिले पनि दुबैजना त्यस्तै यौनानन्द लिइरहेको बेला अचानक साहूजी घर आएछ। साहजीलाई देख्नासाथ साहनीले आफू बच्नको लागि हारगुहार मागिन्। साहूले रंगेहात समातेर उसलाई पिट्यो। पुलिस बोलाएर हनुमान ढोका पुऱ्यायो। त्यहाँ २४ दिन बसेर पुर्पक्षको लागि यहाँ पठाएको रहेछ।

“नारी चरित्र जानी नसकुन” भनेको साँच्चै रहेछ। ती साहूनीले उसलाई प्रयोग गर्नसम्म गरिन। अहिले आफू बच्नको लागि उसलाई जेल पठाइन्। सहमतिमा गरेको भने त भइहाल्थ्यो। जवरजस्ती गर्ने आफू सजायँ त्यो केटाले पायो। मेरो पनि त्यस्तै त हो नि। मैले पालुन्जेल बा, डैडी भने मैले घर जाउ भन्ने बितिक्कै ममाथि यस्तो जघन्य आरोप लगाएर यस्तो ठाउँमा पठायो।

आज पनि बेलुका खाना खाएर म ओमशान्तिमा गएँ। त्यहाँ त सबैजना आधा आँखा खोलेर ध्यानमा बसिरहेको देखें। म पनि एकछिन ध्यानमा बसें। मुरली सुनेर आएँ। टी.भी.हलमा मानिसहरू टी.भी. हेरिरहेका छन। म बीबीसी नेपाली सेवा रेडियो कार्यक्रम सुनेर बसें। टी.भी. बन्द भइसकेपछि म पनि टी.भी. हलमै सुतें।

*क्रमशः.....*

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८



# लक्ष्मीनाराय पुनमाया पुरस्कार



गत असोज १५ गते जगतसुन्दर ब्वनेकुथिमा एक कार्यक्रमको आयोजना गरी लक्ष्मीनारायण पुनमाया सिरपा (पुरस्कार) वितरण गरियो । भाषासेवी लक्ष्मीदास मानन्धरले आफ्ना स्वर्गिय माता पिता लक्ष्मीनारायण र पुनमाया मानन्धरको नाममा पुरस्कारको व्यवस्था गर्नु भएको हो । लक्ष्मीनारायण पुनमाया सिरपा आयोजक समितिका अध्यक्ष डा. चुन्दा बज्राचार्यको सभापतित्वमा संचालन भएको उक्त कार्यक्रमको प्रमुख अतिथि संस्कृतिविद सत्यमोहन जोशीले पानसमा बती बाली उद्घाटन गर्नु भएको थियो । संस्थाका सदस्य राजभाइ जकःमिले स्वागत मन्तव्य राख्ने क्रममा संस्थाको परिचय दिँदै भन्नुभयो – मानिसहरूले आफ्ना आमाबाबुको श्राद्ध गरेर भोज खुवाएर अग्रजहरुको सम्मान गर्छन । तर लक्षीदास मानन्धरज्यूले आफ्ना आमाबुबा को नाम अमर बनाउन दुई लाख रुपैयाँको अक्षयकोष राख्नु भइ नेपालभाषा विषय लिएर एस.एल.सी. परीक्षामा नेपालभाषामा सबैभन्दा बढी अंक ल्याउने एक जना छात्र र छात्रालाई नगद पुरस्कार दिने व्यवस्था गरिएको छ ।

सचिव देवदास मानन्धरज्यूले आफ्नो प्रतिवेदन प्रस्तुत गर्नुहुँदै नेपालभाषा प्रति सरकारको वक्रदृष्टिको बारेमा बताउनु हुँदै २०२८ सालमा पंचायत शासकहरूले एक भाषा नीति ल्याएर नेपालभाषाको घाँटी रेट्ने काम गऱ्यो । त्यतिमात्र होइन नेपालभाषा विषय लिएर पढ्नेहरूले गणित विषय लिएर पढ्न नपाउने गरिदियो । जसले गर्दा नर्स, डाक्टर, इन्जिनियरजस्ता प्राविधिक विषय लिएर पढ्न चाहनेहरूले नेपालभाषा नपढ्ने भयो । त्यस्तै लोक सेवा आयोगले पनि मातृभाषामा लेख्ने सुविधा हटाइदियो । त्यसैले जातीय स्वशासन चाहिएको हो भन्नेमा जोड दिनु भयो । उक्त कार्यक्रममा छात्रामा प्रथम हुने जुनु दिपकार, दोस्रो हुने मनिषा नापित र छात्रमा प्रथम हुने रोनित महर्जनलाई जनहि दश दश हजार रुपैयाँको पुरस्कार प्रमुख अतिथिज्यूले दिनु भयो । साथै नेपालभाषा विषय लिएर एस.एल.सी. जाँचमा ५४ जनामध्ये सफल भएका ५२ जनालाई पनि मेडल तथा प्रमाण पत्र वितरण गर्नुभयो । आफ्नो मन्तव्य दिनेक्रममा लुम्बिनी विश्वविद्यालयका कुलपति त्रिरत्न मानन्धरज्यूले नेपालभाषा विषय लिएर एस.एल.सी. परीक्षा दिनेहरुको संख्या कम भएकोमा चित्त दुखाउनु भयो । उहाँले एस.एल.सी. परीक्षा दिंदा जम्मा दुई हजार दुईसय जनाले परीक्षा दिंदा नेपालभाषा विषय लिएर एस.एल.सी. परीक्षामा एक सय जना विद्यार्थी सहभागी थिए भने अहिले चार लाख जनामा जम्मा ५४ जनालेमात्र नेपालभाषा विषय लिएर परीक्षा दिएको भन्ने थाहा पाउँदा साह्रै नरमाइलो लागेको बताउनु भयो । त्यसैले नेपालको शिक्षा नीतिमा परिवर्तन नआइकन नेपालभाषाको विकास सम्भव छैन । नेवाः नेताहरू र सभासदहरूले यो विषयमा व्यापक आवाज उठाउनु पर्नेमा जोड दिनुभयो ।

सभापतिको आशनबाट बोल्नुहुँदै डा. चुन्दा बज्राचार्यज्यूले रोजगारको ग्यारेन्टी नभइकन कुनै पनि भाषाको विकास हुन सक्दैन । अहिले नेपालभाषाको माध्यमबाट पनि रोजगारीको अवसर आउन लागेको छ । त्यसैले डाक्टर इन्जिनियर बन्नको लागि मात्र होइन शिक्षक/शिक्षिका हुन पनि नेपालभाषा पढ्न सकिने बताउनु भयो ।

# डाक्टर र बैद्यको लडाई

ब्यंग सन्देश

एस के महर्जन

नेपालको वर्तमान राजनीतिक परिस्थितीमा डाक्टर र वैद्यको लडाई चरम उत्कर्षमा पुग्न लागेको छ । यो कुनै विरामीको जाँच गर्ने डाक्टर अथवा वैद्यको लडाई हैन । यो त एकिकृत नेकपा माओवादीका दुई वरिष्ठ उपाध्यक्षबीचको वा उपाध्यक्ष तथा वर्तमान प्रधानमन्त्री डा. बाबुराम भट्टराई र अर्का वरिष्ठ उपाध्यक्ष मोहन वैद्यको जुँगाको लडाइ मात्र हो । लडाई र प्रेममा जे पनि जायज हुन्छ भनेझै दुवैले एक अर्कालाई विभिन्न आरोप लगाउँदा जायज ठानेका छन । दुवैले आ-आफ्ना कार्यकर्ताहरुको भेला, बैठक गरी आ-आफ्नो तर्कले कार्यकर्तालाई प्रभावित पार्दैछन र पार्न खोज्दैछन । आखिर हात्तीको जुडाईमा बाच्छाको मिचाई भनेझै नेताहरुको जुँगाको लडाईमा कार्यकर्ताहरुलाई अप्ठ्यारो हुने भएको छ । शान्ति र नयाँ संविधान चाहने नेपाली जनताको इच्छामाथि कुठाराघाट हुने भएको छ । यो डाक्टर र वैद्यको लडाई के आवश्यक छ ?

हुनत कम्युनिष्टहरू द्वन्दवादमा अथवा मार्क्सवादमा विश्वास गर्दछन । द्वन्दात्मक भौतिकवाद अनुसार समाजमा हरेक विषयमा द्वन्द भइरहेको हुन्छ, त्यो नियम पार्टीभित्र पनि लागु हुनेमा विश्वास गर्दछन । जसका कारण पार्टीभित्र पनि विचारको विविधताले द्वन्द हुनु पर्दछ भन्ने मान्यता राख्दछन । पार्टीभित्र द्वन्द तथा गुट हुनुका कारण धेरै होलान तर मूलभूत कुरा मार्क्सवादलाई सिर्जनात्मक ढंगले आफ्नो देशको परिस्थिति र आवश्यकता अनुसार लागु गर्ने कि, जडसुत्रवादी भई मार्क्सवादका कुरा जस्ताको तस्तै लागु गर्नेमा रहेको छ । नेपालमा पनि मार्क्सवाद सिर्जनात्मक लागु गर्ने वा जडसुत्रवादी भई मार्क्सवादका कुरा जस्ताको तस्तै लागु गर्ने सवालमा नै झगडाको मियो बनेको छ । यहाँनिर डाक्टर र वैद्यको लडाईको मूल कारण पनि यसैलाई मान्न सकिन्छ । यहाँनिर डाक्टर र वैद्य, ती विचारका मूलपात्र मात्र हुन । उनीहरूले विपरित विचारको प्रतिनिधित्व मात्र गरेको पनि हुन सक्छन । अथवा कुन नेता तथा कार्यकर्ताको के स्वार्थ छ त्यो स्वार्थ पुरा गर्ने गराउने माध्यम मात्र वा स्वार्थ पूर्ति नभएकोमा इख फेर्ने साधन मात्र भएको हुन सक्छन । किन कि यी दुवै नेताहरुका नेपालको वामपन्थी आन्दोलन तथा कम्युनिष्ट योगदान बारे आम नेपालीलाई थाहा छ र उनीहरु कुनै बेला बन्दुकको नालबाट मात्र सत्ता परिवर्तन हुनेमा विश्वास गर्थे र शान्तिपूर्ण आन्दोलनमाथि सँधै शंकाको नजरले हेर्ने गर्थे । आज ती दुवैवीच केही भिन्नता आएको छ । २०६२/०६३ सालको शान्तिपूर्ण जनक्रान्तिले उनीहरुमा केही परिवर्तन आएको छ ।

हुन त डाक्टर र वैद्यको लडाई अहिलेको मात्र नहुन सक्छ । यो लडाई पुरातनदेखि चित्त नबुझेकामा निहुँ मात्र पनि हुन सक्छ । यो पनि सत्य हो कि एकिकृत माओवादीभित्र धेरै नेताहरु जन्मिसकेका छन तर उनीहरुले डाक्टर या वैद्यलाई मात्र आफ्नो नेता मानेर दुई नेताको लडाईबाट नै फाइदा उठाउन लागेको पनि हुन सक्छ । यी सबै अनुमानका कुरा हुन । अहिले २०६२/०६३ सालमा भारतमा गरेको १२ बुंदे नै कसैको लागि अभिशाप बनेको छ । शान्ति र नयाँ संविधान पाउने वहानामा कब्जा गरेको घरजग्गा फिर्ता दिने सहमति नै आपत्ति भएको छ । यहाँनिर १२, २५, ७, ५ देखि ४ बुँदेसम्म आउँदा गर्न हुने र नहुने धेरै बुँदामा विभिन्न मितिमा, विभिन्न नेताहरू वीच भएको सहमती गरियो त्यो नै डा.बाबुराम भट्टराईको लागि फलामको चिउरा भएको । वैद्यले बाबुरामलाई राष्ट्रघाट गरेको, देश सिक्किमीकरण भएको आरोप लगाइरहँदा बाबुराम पनि के कम आफ्नो सानो समुहले विरोध गर्दैमा केही नहुने र बरु त्यो समुह विलय भएर जाने अवस्था बनेको अर्थ लगाएका छन । तर बाबुरामजी लाई यो चाहिं पक्कै थाहा छ सानोबाट नै ठूलो हुने हो । सलाइको काँटी पनि आगोको मुस्लो बन्न सक्छ ।

नेपालको दुर्भाग्य भनौं या सौभाग्य १०४ वर्षको राणाशासन फाल्न मिलेर आन्दोलन गर्न सक्ने, ३० वर्षे पंचायती निरंकुश व्यवस्था फाल्न कांग्रेस कम्यूनिष्ट मिल्न सकिने व २३८ वर्षको नाइके राजा महाराज र त्यसका सामन्तीहरुलाई ठेगान लगाउन आन्दोलन गर्न सक्ने तर २०६२/०६३ सालको जन आन्दोलनको उपलब्धीलाई संस्थागत गर्न नेताहरु मिल्न नसक्ने, संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्न एकता हुन नसक्ने वा नेपाली जनतालाई संविधान सभाको माध्यमबाट जनता आफैले नयाँ संविधान बनाउन पाउन बेलामा पिठ फर्काउने अवस्था बनेको छ । डाक्टर र वैद्यको लडाई पनि यसैका एउटा उदाहरण बन्ने भएको छ ।


## नेपाःया राष्ट्रिय संवत नेपाल संवत् ११३२

## न्हूदँया भिंतुना

नेपाःया राष्ट्रिय संवत नेपाल संवत् ११३२ न्हूदँ नापं स्वन्ति नखःया लसताय् सकल नेपाःमिपिन्त भिंतुना नापं संघीय लोकतान्त्रिक गणतन्त्र नेपाः दुने नेवाः स्वायत्त राज्य हयेगु नितिं सकलें छप्पँ जुयाः न्ह्याः वने फयेमा ।

कृष्णहरी महर्जन

नायः

नेपाः राष्ट्रिय पार्टी

किपू नगर समिति



## नेपाल संवत् ११३२ नयाँ बर्ष विशेष अंक

## कीर्तिपुर सन्देश साप्ताहिक

नेपालको राष्ट्रिय संवत नेपाल संवत ११३२ नयाँ बर्षको विशेष अंक कीर्तिपुर सन्देश साप्ताहिकमा प्रकाशित हुने छ । सो अंकका लागि तपाईले कीर्तिपुरको नेपाल संवत आन्दोलन, संस्कृति सम्वन्धि लेख रचना पठाई दिनुहुन अनुरोध गरिन्छ । साथै नयाँ बर्ष विशेष अंकमा आफ्नो व्यापार व्यवसायको विज्ञापन तथा सूचना प्रकाशित गरि मौकको फाइदा उठाउनु होला ।

**खोजमुलक पत्रकारीतको नमुना**

कीर्तिपुर सन्देश साप्ताहिक

फोन ४३३३००७, ९८४१४०१०७७